“मर्यादित, श्रम उत्पादनशील रोजगार गौर नगरपालिकाको समृद्धिको आधार”

# पाँचवर्षे रणनीतिक योजना

(आ.व. २०८१/८२ देखि आ.व. २०८६/८७ सम्म)

## गौर नगरपालिका

नगर कार्यपालिकाको कार्यलय

प्रधानमन्त्री रोजगार कार्यक्रम

पाँचवर्षे रणनीतिक योजना

## खण्ड-१ रणनैतिक सन्दर्भ

### १. पृष्ठभूमि ।

दिगो आर्थिक वृढि र न्यूनीकरणको मुख्य आधार नै उत्पादनशील रोजगारी रहेको तथ्यलाई विश्वको वर्तमान प्रवृतिको रुपमा स्वीकार गर्न थालिएको छ । सामान्यतया, मानिसको आय आर्जन क्षमतालाई बढाउँछ र बेरोजगारी बेरोजगारी तथा न्यून रोजगारीलाई कम गर्दछ, जसले अन्ततः गरिबी न्यूनीकरणमा योगदान गरीरहेको हुन्छ । यहि पृष्ठभूमिमा गौर नगरपालिकामा दिगो, फराकिलो र उच्च आर्थिक वृद्धिदर हासिल गर्न नगरपालिकामा एकीकृत रोजगारी सेवाको विस्तारबाट सम्भव हुने देखिएकोले स्थानीय तहमा रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० बमोजिम गौर नगरपालिकाको रोजगार रणनीति तर्जुमा गर्न लागेका छौ। यस रणनीतिको तर्जुमाबाट सविधानले व्यवस्था गरेको नागरिकको रोजगारीको हकको कार्यान्वयनमा सहजता आउनुको साथै गौर नगरपालिकाको सामाजिक र आर्थिक उन्नतिमा समेत सहयोग पुग्ने हुनाले गौर नगरपालिकामा रोजगार रणनीति तर्जुमा गर्न लागिएको छ ।

### २. रोजगार रणनीतिको आवश्यकता / औचित्य

गौर नगरपालिकाको रोजगार रणनीति तर्जुमा र कार्यान्वयनबाट सविधानले प्रदान गरेको नागरिकको रोजगारीको हकको प्रत्याभूति भई नगरपालिकामा रहेका सीप विकास उधमशिलता र रोजगारीको तथ्यांक संकलन विश्लेषणमा सहयोग पुगी आन्तरिक र वैदेशिक रोजगारी संग सम्बन्धी क्रियाक्लाप एकीकृत नरहेको हुनाले एउटै छाताभित्र राख्न वाञ्छनिय भएकोले रोजगार रणनीतिको तर्जुमा गर्न लागिएको छ ।

### ३. अध्यनको पद्धितः

स्थानीय तहमा रोजगार रणनीति तर्जुमा गर्न परिणात्मक तथा मात्रात्मक अनुसंधान पद्धित अवलबन गरिएको छ । साथै खुल्ला तथा बन्द प्रश्नावली तयार गरी त्यसका अध्यन एंव विश्लेषण गरी तथाङ्क संङ्कलन गरिएको थियो ।

### ४. क्षेत्रः

कृषि, बन तथा मत्सयपालन उत्पादन क्षेत्र, निर्माण क्षेत्र, पर्यटन होटल एण्ड रेस्टुरेण्ट, खानेपानी तथा ढल फोहरमैलाव्यवस्थापन क्षेत्र अन्य......

### ५. सीमाः

स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्न गौर गनरपालिका भित्रको रोजगारी सम्बन्धी मात्रै अध्ययन गरिएको र नमुना छनौट गर्दा पनि गौर नगरपालिकाकै रोजगार सँग सम्बन्धित सरोकारवालाहरु रहेको हुनाले यो अध्ययन गौर नगरपालिकाको लागि मात्रै सिमित रहेको छ ।

## खण्ड -२ वर्तमान आवस्थाको विशलेषण (current situation analysis)

राष्ट्रिय जनगणना २०७८ बमोजिम यस नगरपालिकामा जम्मा ७२३५ घरधुरी रहेको छ जसको औषत परिवार सङ्ख्या ५.५१ रहेको छ । यस नगरपालिकाको कुल जनसङ्ख्या ३९८४६ जसमध्ये ५१.३ पुरुष र ४८.७ महिला रहेको छ त्यस्तै साक्षरता दर ६९.५ प्रतिशत रहेको छ । नगरपालिकामा नौ वटा वडा छन् जसमा वडा नं. ५ मा सबभन्दा बढी

जनसङ्ख्या छ भने सबभन्दा कम जनसङ्ख्या वडा नं. ७ मा रहेको छ । नगरपालिका भित्र विभिन्न गैर सरकारी संस्थाहरु सञ्चालित छन् यी संसथाहरुको सहकार्यमा रोजगारीको विभिन्न अवसरहरु उल्ख गर्न सकिनेछ। सामाजिक सुरक्षा र श्रम कानूनको पहुँच भन्दा बाहिर रहेका अनौपचारिक क्षेत्रको रोजगारीलाई व्यवस्थापन गर्न यो रणनितिक योजना ल्याइएको छ । व्यक्तिगत श्रमस्वीकृतिलाई नगरपालिकाबाटै प्रदान गर्ने संरचनात्मक र कानूनी नीति अवलम्वन गरिनेछ । कृषि सम्बन्धि ज्ञान सीप र क्षमता विकास गरी कृषिको व्यवसायिकरण आधुनिकरण र बजारीकरणमा जोड दिई सामुहिक खेती सहकारी माध्यमले रोजगारी सृजना गर्न सकिने देखिन्छ । वैदेशिक रोजगारलाई व्यवस्थित, मर्यादित बनाउन गौर नगरपालिकामा सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालनमा छ । उक्त कार्यक्रमबाट सेवाग्राहीलाई सूचना प्रदान गर्ने, कानूनी सहयता र परामर्श सीप विकास, मनोसामाजिक परामर्श सेवा, वितिय साक्षरता जस्ता क्षेत्रमा निरन्तर स्वा प्रवाह भएको छ यसलाई व्यवस्थित गर्न थप कार्यक्रम लयाईनेछ ।

सेवाग्राहीको धारणा सङ्कलन गर्दा गौर नगरपालिकामा गरिबी र रोजगारीको प्रत्यक्ष सम्बन्ध रहेको देखियो । संघ, प्रदेश र स्थानीय तहबाट गरिबी लक्षित विभिन्न कार्यक्रम सञ्चालन गर्दा पनि निरपेक्ष गरिबी रेखामुनीको जनसङ्ख्या १५.१ प्रतिशत रहेको साथै बहुआयमिक गरिबीमा रहेको जनसङ्ख्या १७.४ प्रतिशत रहेको छ । यो संग गौर नगरपालिकाको तुलना गर्दा नगरपालिकामा ७२३५ घरधुरी मध्ये युवाको जनसङ्ख्या भन्दा १८ बर्ष मूनीको जनसङ्ख्या र तुलनात्मक रुपमा बढि रहेको छ । जसले गर्दा आश्रित परिवारको सङ्ख्या वृद्धि भई बहुआयमिक गरिबीको रेखामूनी परेको देखिन्छ । तथापि आगामी पाँच बर्षमा युवालाई लक्षित कार्यक्रम ल्याइयो भने यस नगरपालिकाको लागि अबसरको रुपमा रहने देखिन्छ । यसरी गरिबीमा परेको जनसङ्ख्या ब्राहयात्मक बसाइसराई गर्न बाध्य छन् ।

आन्तरिक रोजगारी सृजना गर्न २०७५ फागुन २६ गते देखि नगरपालिका भित्र रोजगार सेवा केन्द्रले निरन्तर सेवा प्रदान गर्दै आएको छ ।केन्द्रबाट आ.व. २०८०/८१ मा अठहतरी जना श्रमिकहरु लाई रोजगारी दिएको छ । भने रोजगारी सम्बन्धी सूचना छौ सय भन्दा बढि व्यक्तिलाई दिइएको छ । केन्द्रबाट “श्रमको सम्मान राष्ट्रको अभियान” अबको जिवन स्वदेशमै जस्ता नाराका साथ निरन्तर सेवा प्रवाह भएको छ ।

नेपालको सविधानको धारा ३३ रोजगारीको हक त्यस्तै श्रम रोजगारी सम्बन्धी निती राष्ट्रिय रोजगार नीति, २०७९ एकीकृत श्रम तथा रोजगार निती, २०८० कार्यन्वयनमा आए पनि हाल स्थानीय तहमा रोजगारी सम्बन्धी कुनै नीति कार्यविधि नरहेको कारणले रोजगारी, उद्मशिलता, बैदेशिक रोजगार सम्बन्धी कार्यक्रमहरुमा समन्वयको अभाव देखिन्छ यसको समधानको लागि एकीकृत रुपमा रोजगारी, उद्मशिलता, सीप विकास र बैदेशिक रोजगारलाई स्थानीय तहमा राखी त्यसलाई सम्बोधन गर्ने श्रम रोजगार शाखा र श्रम र रोजगारी सम्बन्धि एकीकृत कार्यविधि बनाउनु अपरिहार्य देखिन्छ ।

नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गर्नुको साथै दक्ष व्यवसायिक श्रमिकको विकास गर्ने बैदेशिक रोजगारबाट आर्जित, पूँजी, सीप, प्रविधि र अनुभवको नगरपालिकामा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर सुनिश्चित गर्ने नीति लिएको छ । अन्तराष्ट्रिय श्रम संगठनको अभिसन्धि, १६९ ले मर्यादित र सुरक्षित रोजगारी श्रमको उत्पादकत्वको प्रत्याभूति गरेको छ । राष्ट्रिय रोजगारी निती, २०७१ वैदेशिक रोजगार नीति, २०६८ र एकीकृत रोजगार नीती, २०८० कार्यान्वयनमा आइसकेको छ । भने दिगो विकास लक्ष्य र अन्तराष्ट्रिय श्रम सङ्गठन अभिसन्धि मार्फत सुरक्षित रोजगारीको प्रतिबढता व्यक्त गरिएको छ । जसको लागि स्थानीय तह देखि नै

पहलकदमी हुन आवश्यक देखिन्छ । नगरपालिकाम भित्र आन्तरिक रोजगारीको प्रवर्धन, बाध्यात्मक बैदेशिक रोजगारी को अन्तय र उत्पादकत्व अभिबृढि गर्ने किसिमको रणनीति योजना तर्जुमा गरिदैछ ।

नेपालमा प्रत्येक बर्ष करिब पाँच लाख थप जनशक्ति श्रमबजारमा प्रवेश गर्दछन् । एकातर्फ आन्तारिक श्रम बजारको सङ्कुचन, वैदेशिक रोजगारी सम्बन्धी जानकारी र सूचनाको अभावमै साथी भाईको लह-लहमै विदेशिने प्रवृति देखिन्छ । श्रमशक्तिको ३६.५ प्रतिशत औपचारिक क्षेत्रमा र बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ ।

**प्रमुख समस्याहरुः**

(१) श्रम सीप र उत्पादनबीच तादत्मता कायम हुन नसक्नु ।

(२) श्रमप्रतिको सम्मानको कमी ।

(३) उधमशीलताको विकास स्वरोजगार प्रबर्द्र र उत्पादनशील रोजगारीको सृजना पर्याप्त हुन नसक्नु बैदेशिक रोजगारीबाट प्राप्त सीप र पूँजीको न्यून परिचालन र त्यस्तो सीपको स्थानीय तहमा माग नहुनु ।

(४) विभिन्न प्रकृतिको बालश्रम विधमान हुनु ।

(५) श्रम र रोजगारसम्बन्धी नगरपालिकामा सङ्गठनात्माक स्वरुपको विकास नहुनु ।

**चुनौतिहरुः**

(१) श्रम र रोजगारीकोहकको कार्यान्वयन गर्नु ।

(२) नगरपालिकामा उत्पादनशील क्षेत्रको रोजगारीको अवसर पहिचान र सृजना गर्नु ।

(३) श्रम बजारको माग अनुसारको सीपयुक्त श्रमशक्तिको विकास गर्नु ।

(४) नगरपालिकाको शिक्षालाई व्यवहारिक र रोजगार मुलक बनाई उधमशीलता विकास गर्नु ।

(५) गन्तवय मुलुकमा कामदार सुरक्षा ठगी नहुनु ।

(६) वैदेशिक रोजगारीबाट सृजित संरचनागत जोखिमहरु कम गर्दै यसबाट प्राप्त पूँजी प्रविधि ज्ञान र सीपलाई उत्पादनशील क्षेत्रको गौर नगरपालिकामा पहिचान गर्नु मुख्य चुनौतीको रुपमा रहेको छ ।

श्रम सामाजिक सुरक्षा र रोजगारी सम्बन्धी नयाँ कानूनहरु जारी हुनु । सीपमूलक तालिमहरुको प्राथमिकता दिइनु । न्युनतम पारिश्रमिकको कानूनी व्यवस्था मिलाइनु व्यक्तिगत पुनः श्रम स्वीकृति नगरपालिकाबाटै हुनु।बैदेशिक रोजगारी सम्बन्धी वितिय कानुनी सूचना र परार्मश दिइनु । नगरपालिकामा रोजगार सेवा केन्द्रको स्थापना हुनु जिल्ला प्रशासन कार्यालयमा MRC को स्थापना हुनु प्रमुख अवसरहरु छन् ।

**(७) दीर्घकालीन सोच उदेश्य र कार्यनीति तर्जुमा ।**

**८.१ सोचः**

नगरपालिकाको बासिन्दालाई मर्यादित, उत्पादनशील र मर्यादित रोजगारीको अवसर विस्तार गर्नु।

**८.२ उदेश्यः**

I. बालश्रम लगायत सबै प्रकारको श्रम शोषण अन्तय गर्नु ।

II. नगरपालिकामा वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नु ।

III. नगरपालिका भित्र उत्पादनशील र मर्यादित रोजगारीको अवसर विस्तार गर्नु ।

८.३ **राजनीतिक लक्षयः** नगरपालिका क्षेत्र भित्रमा रोजगारी अभिवृढि गरी बेरोजगारी दुर तथा अल्प उपयोगमा उल्लेखनीय कार्यनीति र रणनीति ल्याउने ।

**रणनीति १: नगरभित्र रोजगार कार्यक्रमलाई विस्तार गरी न्युन्तम रोजगारीको प्रत्याभूति गर्ने ।**

**कार्यनीतिहरु**

(क) नगरभित्रका निजी क्षेत्रमा सृजना हुने रोजगारीलाई उपलब्ध श्रमशक्तिको मागसँग आबद्ध गरिनेछ ।

(ख) रोजगार सम्बन्धी महत्वपूर्ण अभिलेख डिजिटालाइजेसन गरी प्रकाशन गर्नुका अतिरिक्त नगरपालिकाको वेबसाइटमा समेत राख्ने व्यवस्था मिलाइनेछ ।

**रणनीति २: विधमान श्रम रोजगार सम्बन्धी कानूनहरुको प्रभावकारी कार्यान्वयन र सामाजिक संवादको माध्यमबाट असल औधोगिक श्रम सम्बन्धको विकास गर्ने ।**

**कार्यनीतिहरु**

(क) असल श्रम सम्बन्ध विकास गर्न र श्रम विवाद सामाधान गर्न नगरपालिका, रोजगारदाता र ट्रेड युनियन बीच नियमित संवाद र समन्वयको प्रणाली स्थापना गरिनेछ ।

(ख) नगरपालिका र नगरपालिका भित्रका निजी क्षेत्रको सहकार्यमा श्रम विनिमय केन्द्रको स्थापना गरी सञ्चालन र नियमन गरिनेछ ।

(ग) नगरभित्रका श्रमिकको हक-हित र सुविधासँग सम्बन्धित निर्णय गर्दा श्रमिकहरुको अनिवार्य प्रतिनिधित्वको व्यवस्था गरिनेछ ।

**रणनीति ३: रोजगारी सृजान गर्न एवम् विभिन्न निकायसँग समन्वय तथा रोजगारी सम्बन्धी कार्यको नियमन गर्न अधिकार सम्पन्न उच्चस्तरीय "स्थानीय रोजगार स्रोत केन्द्र" गठन गर्ने ।**

(क) जनशक्ति र रोजगारी सम्बन्धी स्थानीय तथ्याङ्क प्रणाली निमार्ण गरी आर्थिक रुपले सक्रिय जनसङ्ख्याको विवरण अद्यावधिक गरिनेछ ।

(ख) बजारमा आवश्यक रहेको जनशक्ति पूर्ति हुने गरी रोजगारको खोजीमा रहेका र रोजगार केन्द्रमा नाम दर्ता गर्ने व्यक्तिहरुलाई सीप सिकाउन सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

(ग) स्थानीय मानव संशाधन तथा जनशक्ति योजना तर्जुमा गरी तालिम र क्षमता विकासका माध्यमबाट सीपमूलक तथा प्राविधिक जनशक्ति विकास गरिनेछ ।

**रणनीति ४ : वैदेशिक रोजगारका चरणलाई सुरक्षित शोषणमुक्त मर्यादित र अधिकतम प्रतिफलदायक बनाउने ।**

(क) नगरभित्रबाट बैदेशिक रोजगार जानेहरुलाई आवश्यक तालिम र प्रशिक्षणद्धारा सीप विकास गरेर मात्र वैदेशिक रोजगारमा पठाउन आवश्यक व्यवस्था गरिनेछ ।

(ख) वैदेशिक रोजगार बाट प्राप्त ज्ञानसीप र अनुभवलाई प्रमाणीकरण गरी उधमशीलता विकासमा उपयोग गरिनेछ ।

खण्ड-७ - प्रमुख रणनीतिहरु ।

१. वडा तह देखि रोजगार कार्यक्रमलाई विस्तार गरी न्युनतम रोजगारीको प्रत्याभूति गर्ने ।

२. विधमान श्रम रोजगार सम्बन्धी कानूनहरुको प्रभावकारी कार्यन्वन र सामाजिकसंवादको माध्यमबाट असल औधोगिक श्रम सम्बन्धको विकास गर्ने ।

३. राष्ट्रिय आवश्यकताको आधारमा प्राविधिक तथा व्यवसायिक शिक्षा,तालिम र सीप विकासद्धारा श्रमिकको दक्षता अभिवृद्धि गर्ने ।

४. तीन तहका सरकारबीच रोजगारी सृजना र श्रम व्यवस्थापनमा प्रभावकारी समन्वय गर्ने ।

५. वैदेशिक रोजगारका चरणलाई सुरक्षित शोषणमुक्त मर्यादित र अधिकतम प्रतिफलदायक बनाउने ।

६. रोजगारी सृजना गर्न एवम् विभिन्न निकायसँग समन्वय तथा रोजगारी सम्बन्धी कार्यको नियमन गर्न अधिकार सम्पन्न उच्चस्तरीय “स्थानीय रोजगार स्रोत केन्द्र” गठन गर्ने ।

**खण्ड-९ रणनीति कार्यान्वयनको लागि संस्थागत संरचनाः**

रोजगार रणनीति तर्जुमा गर्न रोजगार सम्बन्धी नियमावली, २०७५ को दफा १४ मा उल्लेखित स्थानीय निर्देशक समितिले रहनेछ। संघ प्रदेश र स्थानीय तथा सरोकारवालाहरुको लागत साझेदारी गर्न सकिन्छ ।

## खण्ड-१०. रणनीति अनुगमन तथा मूल्याङ्कनः

१०.१. रणनीतिको नियमित र आवधिक अनुगमन तथा मूल्याङ्कन निर्देशक समितिले गर्न सकनेछ । समितिले प्रत्येक वर्ष नगरपालिकाको बजेट निर्माण गर्नु पूर्व वार्षिक रणनीति कार्यान्वयनको समीक्षा गर्नेछ ।

१०.२. बुँदा नम्बर १०.१ अनुसारको समीक्षाबाट प्राप्त उपलबधी र नतिजाहरुलाई निर्देशक समितिले कार्यपालिकामा पेश गर्नुपर्ने छ ।

१०.३. रणनीति कार्यान्वयनबाट उपेक्षित उपलबधी प्राप्त भए नभएको सम्बन्धमा प्रत्येक दुई वर्षमा नगरपालिका आफै रणनीति समीक्षा गर्ने सक्नेछ ।

## खण्ड-११ जोखिम पहिचान तथा व्यवस्थापनः

१ श्रोतको व्यवस्थापन

२ सरकारी गैरसरकारी र निजी क्षेत्रको समन्वय

३ प्रदेश र स्थानीय तहको प्राथमिकतासंगको साम्जज्सयता

४ स्थानीय निर्देशक समितिको प्रभावकारीता

## खण्ड-१३. श्रोत परिचालन र बजेट व्यवस्थापनः

रोजगार रणनीति कार्यान्वयन गर्न नगरपालिकाले आफनै स्रोत वा वडा कार्यालय र सरोकारवाला निकायसंग समन्वय गरी बजेट व्यवस्थापन र स्रोत परिचालन गर्न सकनेछ ।